# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०५ मई २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. तेस्रो चरणको लोकसभा चुनावका लागि प्रचार अभियान आज साझ समाप्त भएको छ। यस चरणमा पश्चिम बंगालको उत्तर र दक्षिण मालदा, जंगीपुर अनि मुर्शिदाबाद सीटमा ७ मईको दिन मतदान हुनेछ।
२. भारतीय चुनाव आयोगका मुख्य आयुक्त राजीव कुमारले ७५ संसदीय अन्तर्राष्टीय प्रतिनिधिहरूलाई भारतमा जारी लोकसभा चुनावको जानकारी गराउन भएको छ।
३. देशभरिका ५ सय ५७ शहर अनि विदेशका १४ शहरहरूमा नीट परीक्षा सम्पन्न। यस परीक्षामा लगभग २४ लाखभन्दा अधिक विद्यार्थीहरूले भाग लिएका थिए।
४. सिलगढ़ी शहरमा १० मईदेखि १५-२० दिनका लागि जल आपूर्ति बाधित हुनेछ।
५. इस्कनका वरिष्ठ सन्त तथा भारतमा यसका अध्यक्ष गोपाल कृष्ण गोस्वामीको निधन भएको छ।

**चुनाव प्रचार**

लोकसभा चुनावको तेस्रो चरणको प्रचार अभियान आज साँझ समाप्त भयो। यस चरणमा १२ राज्य र केन्द्र शासित प्रदेशका जम्मा ९४ सीटहरूमा ७ मईको दिन मतदान हुनेछ।

****** ० ******

**चुनाव प्रचार- शुभेन्दु**

राज्यका विपक्षी नेता शुभेन्दु अधिकारीले चुनाउ प्रचारको अन्तिम दिन आज ओल्ड मालदा शहरमा रोड शो गरे। उत्तर मालदा लोकसभा क्षेत्रबाट भाजपा उम्मेद्वार खगेन मुर्मूको समर्थनमा शुभेन्दुले यो रोड शो गरेका हुन्। रोड शो ले शहरको बाचामारी पालपाड़ादेखि शुरू भएर मिर्जापुर हुँदै मंगलवाड़ी चौरंगी मोड़, बुलबुली मोड़ तथा ताँतीपाड़ा मैदानसम्म परिक्रमा गऱ्यो। रोड शोमा शुभेन्दु अधिकारी लगायत जिल्लाध्यक्ष उज्ज्वल दत्ता, प्रत्याशी खगेन मुर्मू, मालदा विधानसभा विधायक गोपाल चन्द्र साहा, हबिबपुर विधानसभा विधायक ज्वेल मुर्मू एवं अन्य मानिसहरूको उपस्थिति रहेको थियो।

****** ० ******

**एरेस्ट**

उत्तर दिनाजपुर, जिल्लाको भारत-बंगलादेश सीमामा तैनाथ उत्तर बंगाल फ्रण्टियरको किशनगंज सेक्टर अन्तर्गत सीमा सुरक्षा बल (बीएसएफ)- को १५२औं बटालियनको बोर्डर आउट पोस्ट (बीओपी) बाराबिलाका सीमा जवानहरूले एक बंगलादेशी तस्करलाई समातेका छन् ।विज्ञप्ति अनुसार बीएसएफका जवानहरूले सीमावर्ती क्षेत्रमा एउटा मोटर साइकलमा दुईजनालाई संदिग्ध अवस्थामा घुमिरहेको देखे। त्यसपछि बीएसएफको एम्बुश पार्टीले पछ्याउँदै गएर एकजना बंगलादेशी नागरिकलाई कब्जामा लिन सफल भयो। जाँच गर्दा २८ प्रतिबन्धित कफ सिरप जफत गरियो।समातिएका बंगलादेशी नागरिकले खुलासा गऱ्यो, १२ वर्षअघि उ दलालको सहयोगमा बंगलादेशदेखि भारत आएको थियो। उ अवैध रूपमा भारतका विभिन्न स्थानहरूमा बस्दै आइरहेको थियो। भारतमा रहँदा-बस्दा उसले भारतीय युवतीसित विवाह पनि गऱ्यो। त्यसपछि तिनले कुरियरको रूपमा भारतदेखि बंगलादेशसम्म प्रतिबन्धित कफ सिरपको तस्करी गर्दै आइरहेको थियो। तस्कर सहित जफत गरिएको कफ सिरपलाई बीएसएफले ग्वालपुकुर थानामा सुम्पिदिएको छ।

****** ० ******

**आई.सी निलम्बन**

चुनाव आयोगले मालदा जिल्ला अन्तर्गत हबीबपुर थानाका आईसी (प्रभारी निरीक्षक) देबब्रत चक्रवर्तीलाई चुनावी कार्यदेखि बन्चित राखेको छ। आयोगको पक्षमा भनिएको छ कि यस पुलिस अधिकारीलाई मतदान कार्यमा सामेल गर्न सम्भव छैन। उनको स्थानमा तीनजनाको नाम आयोगको क्षेत्रीय कार्यालयका सीईओलाई पठाउने आदेश दिइएको छ। उल्लेखनीय छ हालैमा हबीबपुरका आईसी देबब्रतको एउटा फोन कल भाइरल भएको थियो। जसमा उनलाई स्थानीय पंचायतका उपप्रधानसित पशु तस्करीको बारेमा बातचित गर्दै गरेको सुन्नमा आएको थियो। यसैको आधारमा, मालदा उत्तर भाजपा उम्मेद्वार खगेन मुर्मूले आईसी देबब्रत चक्रवर्तीको विरुद्ध चुनाव आयोगमा शिकायत दर्ता गरेका थिए। जसमाथि कार्रवाई गर्दै चुनाव आयोगले

आईसीलाई हटाएको छ। अर्कोतिर मुर्शिदाबाद जिला अंतर्गत रानीनगर ग्राम पंचायतको आईसी रबींद्रनाथ सरकारलाई पनि हटाइ दिएको छ। उल्लेखनीय छ कि सात मईको दिन तेस्रो चरणमा मालदा अनि मुर्शिदाबादको दुई सिटहरुमा लोकसभा चुनाव सम्पन्न हुनेछ।

****** ० ******

**निर्वाचन आयोग**

मुख्य निर्वाचन आयुक्त राजीव कुमारले आज नयाँ दिल्लीमा ७५ जना अन्तर्राष्ट्रीय प्रतिनिधिहरूलाई लोकसभा चुनावको विभिन्न पक्षहरूको जानकारी दिनुभयो। उहाँले २३ देशहरूका चुनाव प्रबन्धन निकायहरूका प्रतिनिधिहरूलाई सम्बोधित पनि गर्नुभयो। प्रतिनिधिहरूलाई निर्वाचन आयोगले लोकतन्त्रको महापर्व अवलोकन गर्नको निम्ति आमन्त्रित गरेको थियो। यी प्रतिनिधिहरू छः राज्य- महाराष्ट, गोवा, गुजरात, कर्नाटक, मध्य प्रदेश अनि उत्तर प्रदेशका धेरै लोकसभा सीटहरूको भ्रमण गर्नेछन् अनि यो भ्रमण कार्यक्रम ६ मईको दिन समाप्त हुनेछ।

****** ० ******

**पी.एम.- उत्तर प्रदेश प्रचार**

प्रधानमंत्री अनि भारतीय जनता पार्टीको वरिष्ठ नेता नरेन्द्र मोदीले आज उत्तर प्रदेशको इटावामा एउटा चुनावी जनसभामा कोविड मुद्दाहरु बारे समाजवादी पार्टी अनि कांग्रेसको कड़ा आलोचना गर्नु भयो। उहाँले यी पार्टीहरुले कोविडको अवधि मानिसहरुलाई भ्रमित पार्ने कोशिश गरेको तर उहाँको सरकार अनि वैज्ञानिकहरुले प्रत्येक व्यक्तिको जीवन बचाउने कोशिशमा जुटेको बताउनुभयो।

****** ० ******

**आंध्र प्रदेश-अमित शाह**

गृहमंत्री अनि भारतीय जनता पार्टीको वरिष्ठ नेता अमित शाहले प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वको कारण नै 80 करोड़ मानिसहरुले पीएम-गरीब कल्याण योजना अन्तर्गत निः शुल्क राशन प्राप्त गरेको अनि 50 करोड़ मानिसहरुलाई आयुष्मान भारत योजना अंतर्गत पांच लाख रुपियाँको स्वास्थ्य बीमा कवरेज प्राप्त भएको बताउनुभएको छ। श्री शाहले आज आंध्रप्रदेशको हिंदूपुर लोकसभा क्षेत्रका धर्मावरममाए एक चुनावी सभालाई सम्बोधन गर्दै देशमा 1 सय 30 करोड़ मानिसहरुलाई निःशुल्क कोविड-19 वैक्सीन दिइएको बताउनुभयो।

****** ० ******

**गवर्नर**

पश्चिम बंगालका राज्यपाल डाक्टर सी.वी. आनन्द बोसमाथि छेड़छाड़को कथित आरोपहरुको जाँच कोलकाता पुलिसले गरिरहेको छ। यसै बीच आज राजभवनको पक्षमा सोशल मीडियामा भनिएको छ कि पुलिससित राज्यपाल बिरुद्ध जाँच गर्ने अधिकार छैन। राजभवनको तर्फबाट सोशल मीडिया हैंडलमा लेखिएको छ कि राज्यपाललाई संविधानको अनुच्छेद ३६१(२) अनि ३६१(३) अन्तर्गत सुरक्षा कवच प्राप्त छ। यसैले पुलिससित राज्यपाल बिरुद्ध जाँच गर्ने कुनै अधिकार छैन। न्यायलयले पनि पुलिस जाँच रिपोर्टको आधार बिना कुनै कार्रवाई गर्न नसक्ने हुन्छ। पुलिसले राज्यपाल बिरुद्ध एफआईआर दर्ता गर्न सक्दैन। उल्लेखनीय छ, दुई मईमा राज्यपाल सी.वी. आनन्द बोसमाथि राजभवनमा नै काम गर्ने एक महिलाले छेड़छाड़ गरिएको आरोप लगाएको थियो। राजभवनको तर्फबाट यी आरोपहरुको खण्डन गर्दै भनिएको छ कि यो राज्यपाललाई बदनाम गराउने षडयन्त्र हो।

****** ० ******

**सन्देशखाली बीजेपी**

पश्चिम बंगालको संदेशखाली लगातार चर्चाको बिषय बन्न पुगेको छ। यसै बीच राज्यको सत्तारुड तृणमूलले एक भीडियो जारी गर्दै आरोप लगाएको छ कि सन्देशखाली प्रकरण लोकसभा चुनावहरु हुन् भन्दा पूर्व पश्चिम बंगाललाई बदनाम गराउने भाजपाको षडयन्त्र हो। यसमाथि प्रतिक्रिया व्यक्त गर्दै भाजपाले भीडियोमा भनिएको कुरो फर्जी बताएको छ अनि भनेको छ यसमा कुनै यथार्थ छैन। भाजपा बंगालका पूर्व अध्यक्ष राहुल सिन्हाले भन्नुभएको छ सत्तारूढ़ पार्टी तृणमूल कांग्रेसले यस भीडियोलाई बनाएको हो। श्री सिन्हाले भन्नु भयो कि संदेशखालीमा महिलाहरुका साथ भएको यौन उत्पीड़नको घटनाहरु देशभरिमा बंगाललाई लज्जास्पद तुल्याउने घटना हो यद्यपी यसमाथि उचित कार्रवाईको सट्टा सत्तारुढ़ सरकार यस सम्पूर्ण

घटनालाई झूठो साबित गराउनमा लागि परेको छ। उहाले भन्नुभयो ती महिलाहरु ज-जसको साथ यौन उत्पीड़नको घटनाहरु भएको छ, उनीहरुको पीड़ालाई बुझ्नुको सट्टा यसरी झूठो साबित गरिने प्रयासहरु ममता बनर्जीको सरकारको नीति उजागर हुने रिपोर्टमा बताइएको छ।

****** ० ******

**सियाल्दह स्टेशन**

भारतको सबैभन्दा व्यस्त रहने रेलवे स्टेशन मध्ये एक सियाल्दह स्टेशनमा मानिसहरूलाई गर्मीबाट राहत दिनका लागि ७ वटा एच.वी.एल.एस पंखा जड़ान गरिएको छ। यसमा ४ वटा पंखा २४ फीट स्वीपका छन् भने ३ वटा पंखा १६ फीट स्वीपको रहेको छ। यी पंखाहरूले सामूहिक रूपमा ४५ वटा पारम्पारिक वायु सर्कुलेशन पंखा वा ८० वटा मानक सामान्य पंखाहरू बराबर राहत पुरयाउने छन्।

****** ० ******

**नीट-परीक्षा**

चिकित्सा स्नातक पाठ्यक्रमहरुमा दर्ता हुन का लागि राष्ट्रीय पात्रता-सह- प्रवेश परीक्षा-नीट आज देशभरी आयोजित गरियो। यस वर्ष देशभरीका ५ सय ५७ शहर अनि विदेशका १४ शहरहरुमा २४ लाख भन्दा अधिक विद्यार्थीहरु यस परीक्षामा शामिल भएको खबर प्राप्त छ। यस परीक्षाको माध्यमबाट सम्पूर्ण भारतमा चिकित्सा संस्थानहरुमा एमबीबीएस अनि बीडीएस पाठ्यक्रमहरुमा प्रवेश प्राप्त गर्न सकेन्छ।

****** ० ******

**सिलीगुड़ी- जल संकट**

सिलीगुड़ीका मानिसहरु एकपल्ट फेरि जल संकटसित जुझ्न पर्नेछ। गाजलडोबा नजिक तीस्ता बांधमा मरम्मतीको कारण आगामी १० मई देखि १५-२० दिनसम्म जलापूर्ति बाधित रहनेछ। आज सिलीगुड़ी नगर निगममा सिंचाई विभागका अधिकारीहरुसित बैठक पछि मेयर गौतम देवले यो कुरो बताउनुभएको हो। यसको लागि मेयरले सिलीगुड़ीका मानिसहरुसित माफी पनि मांग्नु भएको छ। मेयर गौतम देवले तीस्ता बांधको मरम्मती कार्य चलुन्जेल सम्म महानंदाको पानीले पेयजलको आपूर्ती पुरा गर्ने बताउनुभयो। यद्यपि, मेयरले जल संकटसित जुझ्नका लागि वार्डहरुमा पानीका ट्यांकीहरु उपलब्ध गराइने घोषणा पनि गर्नुभयो।

****** ० ******

**इस्कन सन्त निधन**

इस्कनका वरिष्ठ सन्यासी तथा भारतमा इस्कन परिषदका अध्यक्ष पूज्य सन्त गोपाल कृषण गोस्वामीको निधन भएको छ। १९४४ मा दिल्लीमा जन्मेका गोस्वामी भगवान श्री कृष्णको शिक्षा तथा सनातन धर्मको प्रचारका लागि साथै विश्वमा शान्ति र सौहार्द फैलाउन आफनो जीवनलाई सन्यासीको रूपमा समर्पित गर्नुभयो। विगत तीन दिनदेखि उहाँको उपचार देहरादूनको एक अस्पतालमा चली रहेको थियो। आज बिहान साढ़े नौ बजी उहाँको परलोक गमन भयो। उहाँ एउटा इस्कन मन्दिरको उद्घाटन गर्न जाँदा लड़नु भएको थियो र फोक्सोमा पानी जम्मा भएको थियो। आज उहाँको पार्थिव शरीरलाई दिल्ली स्थित इस्कन मन्दिरमा अन्तिम दर्शनका लागि राखिएको थियो। उहाँको शरीरलाई वृन्दावन लगिने छ जहाँ उहाँको अन्तिम संस्कार गरिनेछ।

****** ० ******

************